आज मिति २०८१ साल पौष १८ गतेका दिन शारदा नगरपालिका का नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीका उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

श्री प्रकाश भण्डारी नगर प्रमुख शारदा नगरपालिका सल्यान
श्री स्मृतिता सापकोटा खत्री नगर उप प्रमुख ,, — ,, — ,, . .
श्री प्रदिप पाण्डेय वडाध्यक्ष वडा नं. १ ,, — ,, — .
श्री सावित्रा हमाल वडाध्यक्ष वडा नं. २ ,, — ,, — ,, . .
श्री तुलसी भण्डारी ,, — ,, — ३ ,, — ,, — .
श्री किशोर कुमार हमाल ,, — ,, ४ ,, — ,, — .
श्री प्रदिप शाही ,, — ,, ५ ,, — ,, — .
श्री गिरीराज बुढाथोकी ,, — ,, . . ६ ,, — ,, — . .
श्री तिलक बहादुर रोका ,, — ,, — ७ ,, — ,, — .
श्री लक्ष्मण बुढाथोकी ,, — ,, — ८ ,, — ,, — .
श्री हिमेन्द्र कुमार बुढाथोकी ,, — ,, . ९ ,, — ,, — .
श्री कृष्ण बहादुर बोहरा ,, — ,, — १० ,, — ,, — .
श्री गणेश कुमार शर्मा ,, — ,, — ११ ,, — ,, —
श्री सुरेन्द्र बुढा ,, — ,, . १२ ,, — ,, — .
श्री डम्बर बहादुर बुढा ,, — ,, — १३ ,, — ,,
श्री प्रकाश पुन ,, — ,, — १४ ,, — ,, —
श्री लोकमान बुढाथोकी ,, — ,, — १५ ,, — ,, —
श्री रत्ना कुमारी बुढाथोकी नगर कार्यपालिका सदस्य ,, — ,,
श्री मञ्जु परियार ,, — ,, — ,, — ,, ,, — ,,
श्री भगवती बोहरा ,, — ,, — ,, ,, —
श्री इन्द्रा कुमारी डाङ्गी ,, — ,, — ,, —
श्री पुष्पा नेपाली ,, — ,, — ,, —
श्री गोमा पोखरेल ,, — ,, — ,,
श्री प्रेम कुमार राई ,, — ,, — ,, —
श्री दिपक विश्वकर्मा ,, — ,, — ,, —
श्री ओम प्रकाश देवकोटा सदस्य सचिव ,, — ,,
श्री उमा शाही का.वा. वडाध्यक्ष वडा नं. ५

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक संख्या नं. ४०　　स्थानः नगरपालिका भवन　　मिति २०८१/०९/१९ गते**

**समयः बिहान १०.३० बजे।**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. नगर सभाको अधिवेशनको मिति तोक्ने सम्बन्धमा।
५. नगर शिक्षा योजनाको अध्यावधिक सम्बन्धी कार्यदल गठन सम्बन्धमा।
६. अध्यावधिक शारदा खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WaSH Plan) स्वीकृत सम्बन्धमा।
७. नगर सभाको अधिवेशनमा संसोधनका लागि पेश हुने आ. व. २०८१/८२ को योजना तथा कार्यक्रम सम्बन्धमा।
८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तालिमको छनौट र सञ्चालन सम्बन्धमा।
९. सिद्धकुमाख गाउँपालिकासंग साझेदारी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।
१०. विद्यालय नर्सको दरवन्दी माग गर्ने सम्बन्धमा।
११. लोक सेवा आयोगबाट वैकल्पिक वा अस्थायी योग्यता सूचीका सहायक चौथो तहका कर्मचारी माग गर्ने सम्बन्धमा।
१२. कर्मचारी पदपूर्ति सम्बन्धमा।
१३. खानेपानी आयोजना कार्यान्वयन इकाईमा कार्यरत कर्मचारीहरुको कार्यविवरण स्वीकृत सम्बन्धमा।
१४. नगर प्रहरी जवानको वैकल्पिक सिफारिश तथा नियुक्ति सम्बन्धमा।
१५. स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन सम्बन्धमा।
१६. प्राविधिक सीप परीक्षण सम्झौता सम्बन्धमा।
१७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा।
१८. महालेखा परीक्षकको कार्यालयको आ. व. २०८०/८१ को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
१९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कर्मचारीको व्यवस्थापन सम्बन्धमा।
२०. सनेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्बन्धमा।
२१. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
२२. विषयगत समितिको प्रतिवेदन सम्बन्धमा।
२३. भुक्तानी फरफारक सम्बन्धमा।
२४. विविध।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ३८ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

(१) शारदा नगरपालिका विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने मापदण्ड, २०८१

त्यसैगरी तपसीलमा उल्लेखित कानूनहरु अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विषयगत तथा विधेयक समितिमा पठाउने निर्णय गरियो।

(१) शारदा नगरपालिका सामाजिक समावेशीकरण नीति, २०८१

(२) शारदा नगरपालिका यूवा नीति, २०८१

(३) शारदा नगरपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०८१

(४) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्वन्धी कार्यविधि ,२०८१

(५) शारदा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

(६) बालबालिकाको वृद्धि अनुगमन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**निर्णय नं. ३**

शारदा नगरपालिको सम्पूर्ण विवरण सहितको तथ्यांक, सडक तथा विकास योजना व्यवस्थापन र न्यायिक समितिको कार्यलाई गुणस्तरीय र परिणाममुखी बनाउन तपसीलका कार्यहरु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो।

(१) डिजिटल नगर प्रोफाइल निर्माण, QR Code र Location Map Board

(२) शारदा नगरपालिकाको सडक तथा यातायात गुरुयोजना निर्माण

(३) योजना शाखासंग सम्बन्धित सफ्टवेयर इन्स्टलेशन

(४) न्यायिक समितिसंग सम्बन्धित सफ्टवेयर इन्स्टलेशन

**निर्णय नं. ४**

शारदा नगरपालिकाको हिउँदे अधिवेशन (नगर सभाको १६ औं अधिवेशन) मिति २०८१/०९/२८ गते आइतवार विहान ११ बजे बोलाउने निर्णय गरियो।

**निर्णय नं. ५**

शारदा नगरपालिकाको नगर शिक्षा योजना अध्यावधिकका लागि तपसील अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो। कार्यदलको समयावधि २०८२ बैशाख मसान्तसम्म रहनेछ।

| | |
|---|---|
| (१) नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार | संयोजक |
| (२) सामाजिक विकास समितिका संयोजक श्री भिकराज बुढाथोकी | सदस्य |
| (३) १३ नं वडा अध्यक्ष तथा नगर शिक्षा समिति सदस्य श्री जंग बहादुर बुढामगर | सदस्य |
| (४) प्रधानाध्यापक, महेन्द्र रत्न मा वि सेजुवालटाकुरा, श्री प्रकाश हमाल | सदस्य |

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक २०८१ पौष १९ गते

CamScanner

(५) अध्यक्ष, नेपाल शिक्षक महासंघ शारदा न. पा. श्री बालकृष्ण बुढाथोकी — सदस्य

(६) प्रतिनिधि, समाज जागरण केन्द्र सुर्खेत (स्याक) — सदस्य

(७) शिक्षा शाखा प्रमुख, शारदा न. पा. श्री लिलाधर ववाल — सदस्य सचिव

**निर्णय नं. ६**

पूर्वाधार विकास समितिको प्रस्तुत प्रतिवेदन बमोजिम शारदा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना, २०८१ अध्यावधिक सहित स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

नगर सभाको १६औं अधिवेशनमा संसोधनका लागि पेश गर्न यस चालु आ. व. २०८१/८२ का लागि नगर सभाको १५औं अधिवेशनबाट स्वीकृत र विनियोजित योजना तथा कार्यक्रममा गर्नु पर्ने संसोधनको कारण सहित मिति २०८१/०९/२४ गतेभित्र नगर कार्यपालिकाको कार्यालयको योजना शाखामा सम्बन्धित वडा तथा शाखाले पेश गरिसक्नु पर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३२ बमोजिमको तालिम सञ्चालन गर्न दफा १७ बमोजिम छनौट भएका लाभग्राहीका लागि दफा ३३ (१) क मा उल्लेखित सडक मर्मत तथा सम्भार तालिम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस शारदा नगरपालिका र सिद्ध कुमाख गाउँपालिका बीच साझा सरोकारका विषयहरुको संयुक्त रुपमा सम्बोधन गर्न र अन्तर स्थानीय तह समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन देहायका योजना तथा कार्यक्रमहरुमा साझेदारी गरी सञ्चालन गर्ने निर्णय गरियो।

| सि. नं. | योजना तथा कार्यक्रमको विवरण | कैफियत |
|---|---|---|
| १ | खैरावाङ्ग मन्दिरमा भौतिक संरचना निर्माण | |
| २ | सार्वजनिक खरिद, लेखा परीक्षण तथा बेरुजु व्यवस्थापन सम्बन्धी कर्मचारी क्षमता विकास तालिम | |

**निर्णय नं. १०**

यस शारदा नगरपालिका मातहत रहेका ११ वटा माध्यमिक विद्यालय मध्य १० वटा माध्यमिक विद्यालयमा विद्यालय नर्सको दरवन्दी रही हाल सो पदमा १० जना स्टाफ नर्सले सेवा दिइरहेकोले विद्यालय नर्सिङ्ग सेवाबाट बञ्चित रहेको शारदा नगरपालिका वार्ड नं. ९ मा रहेको श्री भुवनेश्वरी माध्यमिक विद्यालय, सुनचौरका लागि विद्यालय नर्सको दरवन्दी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

यस नगरपालिकाका मातहतका वडा कार्यालयहरुमा सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न आवश्यक पर्ने कर्मचारी (वडा सचिव) उल्लेख्य मात्रामा नभएकोले हालै मात्र आयोगबाट प्रकाशित प्रशासन सहायक चौथो तहको नतिजामा वैकल्पिक वा अस्थायी सूचीमा रहेका ३ तिन जना उम्मेदवारहरुलाई सहायक कर्मचारी (वडा सचिव) का रुपमा प्रचलित



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कानून बमोजिम काममा लगाउने गरी कर्णाली प्रदेश लोक सेवा ऐन, २०७५ को दफा ५३ बमोजिम माग गर्न प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १२**

यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलका कर्मचारी भर्नाका लागि प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

| सि.नं. | पद | पद संख्या | करार प्रकृति | तलब सुविधा | कैफियत |
|---|---|---|---|---|---|
| १ | हेल्थ असिष्टेण्ट | १ | मासिक तलब पाउने गरी | पालिकाले तोके बमोजिम | |
| २ | विद्यालय नर्स | १ | मासिक तलब पाउने गरी | पालिकाले तोके बमोजिम | |

**निर्णय नं. १३**

शारदा नगरपालिका मातहत रहको नगर खानेपानी, सरसफाई तथा स्वच्छता इकाईको Terms of Reference तथा खानेपानी आयोजना कार्यान्वयन इकाईमा कार्यरत तपसीलका पदमा रहने कर्मचारीहरुको कार्य विवरण स्वीकृत गर्ने निर्णय गरियो।

१. सामाजिक सुरक्षा विज्ञ Social Safeguard Expert
२. इन्जिनीयर Engineer
३. सब इन्जिनीयर Sub-engineer
४. कम्प्युटर अपरेटर Computer Operator
५. सामाजिक परिचालक Social Mobilizer

**निर्णय नं. १४**

यस नगरपालिका मातहत रहेको नगर प्रहरी इकाईमा कार्यरत नगर प्रहरी जवान यशोदा सेजवालले घरायसी कारण देखाई दिइएको राजीनामा स्वीकृत गर्ने तथा सो पदमा वैकल्पिक योग्यताक्रममा रहेका उम्मेदवारलाई प्रक्रिया पुरा गरी नियुक्तिका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो। र साथै तालिमका समयमा पालिकाबाट भएको खर्च रकम र पोशाक बुझाउन निज यशोदा सेजवाललाई निर्देशन दिने निर्णय समेत गरियो।

**निर्णय नं. १५**

यस आ व २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट समावेश गरिएको विपन्न परिवारका लागि स्वास्थ्य वीमा सहुलियत कार्यक्रम आन्तरिक श्रोत तर्फ विनियोजन भएकोले यस आर्थिक वर्षमा Piloting का लागि प्रत्येक वडाबाट १० जनाका दरले वीमा सहुलियत कार्यक्रमका लागि विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को अधिनमा रही सूचना प्रकाशन गर्ने तथा वडा समितिले लाभग्राही छनौट गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. १६**

बैदेशिक रोजगारीबाट फर्किएका वा नेपालमा रही परम्परागत तथा अनौपचारिक रुपमा सिकेका तर प्रमाणपत्र नभएका शारदावासी युवा युवतीको पूर्व सकाई मान्यता विधिबाट सीप परीक्षण गरी रोजगारउन्मुख योग्य नागरिक बनाउन कर्णाली प्रदेश सरकार, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् र यस नगरपालिका बीच भएको त्रिपक्षीय सम्झौता

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुमोदन गर्नुका साथै सो मा लाग्ने खर्च आगामी नगर सभाको १६ औं अधिवेशनबाट संसोधन गरी विनियोजन गर्न नगर सभालाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समय समयमा यस नगरपालिकालाई प्राप्त सुझावहरुको बारेमा बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को प्रारम्भिक प्रतिवेदन उपर छलफल भई यसमा उल्लेख भएका बेरुजुका विषयहरुमा लेखा तथा आर्थिक समितिमा छलफल गरी आगामी नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १९**

यस नगरपालिका र प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना बीच भएको सम्झौता बमोजिम आयोजनाको कार्यक्रम सञ्चालन अवधि समाप्त भई सो संग जोडिएका जनशक्ति र सामाग्री यसपालिकाको जिम्मेवारीमा सरेकोले तपसीलमा उल्लेखित कर्मचारीहरुलाई निजहरुकै योग्यता र जिम्मेवारीमा रहेका अन्य कर्मचारीहरुले पाउने सेवा सुविधा सरह उपलब्ध गराउने गरी कामकाजमा लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

| सि. न. | नामथर | कार्यक्षेत्र | सेवा समूह | कैफियत |
|---|---|---|---|---|
| १ | सीमा बुढाथोकी | वार्ड नं ९ | कृषि विकास | वडा कार्यालयमा रही सेवा प्रदान गर्ने। |
| २ | रञ्जना डाङ्गी | वार्ड नं १४ | पशु सेवा | |

**निर्णय नं. २०**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १४ अनुसार तपसीलमा उल्लेखित पदाधिकारी रहने गरी शारदा नगरस्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

(१) नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार — संयोजक
(२) कार्यपालिका सदस्य श्री मञ्जु परियार — सदस्य
(३) स्वास्थ्य शाखा, अ. न. नि. श्री अनुलक्ष्मी थापा — सदस्य
(४) विद्यालय नर्स श्री रेनुका शर्मा (महेन्द्ररत्न मा. वि., पिपलनेटा) — सदस्य
(५) सामाजिक शिक्षक, श्री देव डाङ्गी (शिवजन मा. वि., शीतलपाटी) — सदस्य
(६) महिला तथा बालबालिका शाखा, स. म. वि. नि. श्री संगिता वपाल — सदस्य
(७) शिक्षा शाखा, शिक्षा अधिकृत श्री संगिता बुढा — सदस्य सचिव

**निर्णय नं. २१**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको २०८१ श्रावण ~~मसे~~ देखि हालसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २२**

बजार अनुगमन समिति र आर्थिक विकास समितिको यस अवधिको प्रतिवेदन उपर छलफल गर्नुका साथै प्रतिवेदनबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २३**

यस नगरपालिकाको आ. व. २०८१/८२ को हालसम्मको भुक्तानी फरफारकलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २४**

विविध विषयमा तपसील बमोजिमको निर्णय गरियो।

(क) नेपाल सरकार वन तथा वातावरण मन्त्रालय अन्तरगत संघ, प्रदेश र स्थानीय सरकार बीच समन्वय तथा अन्तर सम्बन्ध कायम गरि नीति तथा योजना कार्यान्वयन, बिकास निर्माण र अनुमगन गर्न बनेको विषयत समितिको सदस्यका रुपमा यस शारदा नगरपालिकाका प्रमुख श्री प्रकाश भण्डारीलाई मनोनित गर्नु हुने मा. मन्त्री श्री ऐन बहादुर शाही प्रति हार्दिक आभार प्रकट गर्नुका साथै आदरणीय नगर प्रमुख ज्यू लाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने।

(ख) यस शारदा नगरपालिका वार्ड नं ५ को कार्यालयमा असिष्टेन्ट सब इन्जिनियरको पदमा कार्यरत श्री ओम बहादुर यरीको छोरी उषा यरीको २२ वर्षको अल्प आयुमा भएको निधन प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुका साथै शोक सम्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner